कोरोनाविरुद्ध सचेतना

आफ्नो अनुहारमा
हात लगाउन बन्द गरौँ

सत्याग्रहीको स्वास्थ्य...

‹‹ पृष्ठ १ बाट क्रमशः

देखिन्छ, यो विषयमा तपाईंहरूको टिममा छलफल भएको छ होला नि ?

डा. केसी हठी हुनुहुन्छ भन्ने छ । उहाँको हठ केका लागि हो । के उहाँले राखेका माग अमूर्त छन् ? वाहियात छन् ? सुन्नै नपर्ने, सुन्नै नसकिने छन् ? अन्तर्विरोधी छन् । बेथिति बढाउनका लागि अनशन बसेका छ कि थिति बसाउन ? जुम्लामा कर्णाली र दाङमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएको छ, त्यो केका लागि हो ? पढाउनका लागि होइन ? शिक्षण प्रतिष्ठान स्थापना भयो, पठनपाठन पनि सुरु गर भन्नु अपराध हो ? अनि सातै प्रदेशमा सरकारी मेडिकल कलेज खोल्ने घोषणा सरकारले नीति तथा कार्यक्रममार्फत गरेको हो कि होइन ? घोषणा भएका चार वर्षसम्म कुन प्रदेशमा मेडिकल कलेज खोल्ने प्रक्रिया अघि बढेको छ ? कैलालीका गेटामा स्थापना भएका मेडिकल कलेजमा पठनपाठन किन हुन सकेन ? अनि अछामको बयलपाटा अस्पताललाई बजेट व्यवस्था गर्न माग गर्नु गलत हो ? अछामका जनताले नि शुल्क स्वास्थ्य सेवा पाउनुपर्छ भन्ने माग बहुलट्ठी हो ? अनि प्रदेश २, गण्डकी प्रदेश तथा डोटी वा डडेल्धुरा, इलाम वा पाँचथर र उदयपुरमा मेडिकल कलेज स्थापना गर्ने प्रक्रिया कहाँ पुग्यो भनेर माग राखेर सत्याग्रह गर्दा अधैर्य हुने हो ? यी त जनताका माग हुन्, सरकारले घोषणा गरेकै विषय हुन् । सरकार जसले घोषणा गर्‍यो, स्वास्थ्य परियोजना अपलत्र पारेका छन्, तिनलाई अगाडि बढाऊ भन्दा सरकारको विरोध कसरी हुन्छ ? वास्तवमा डा. केसीले हठ गर्नुभएको होइन, सरकारले नै घोषणा गरेका विषय स्मरण गराउनुभएको हो ।

यसअघि 'इनफ इज इनफ'का अभियन्ता अनशनमा बस्दा प्रधानमन्त्री स्वयं पनि अस्पताल जानुभएको थियो. सरकारले विरोधको आवाज नै नसुन्ने भए त त्यतिबेला अस्पताल किन जानुहुन्थ्यो होला र ? डा. केसी त पटकपटक अनशन बस्नुभएकोले सरकार हैरान भएको हो भन्ने छ नि ।

हो, इनफ इज इनफका अभियन्ता अनशन बसेका बेला प्रधानमन्त्री र उहाँकी पत्नी अस्पताल जानुभयो । उहाँ झुकेर जानुभएको हो भनेर त कसैले भनेन, जिम्मेवार नेता भनेर दुनियाँले प्रशंसा गर्‍यो । यसमा उहाँको महानता देखियो । देशका गरिब जनताका लागि दशकौँ सेवा गरेको डाक्टर अहिले अनशनमा बस्दा जीवन जोखिममा छ, उहाँलाई आफैँ भेटेर, प्रतिनिधि पठाएर, वार्ता टोली पठाएर उहाँका मागको विषयमा सरोकार राख्दा प्रधानमन्त्रीको महानता देखिने हो । उहाँ जिम्मेवार र जवाफदेही नेता हुनुहुँदोरहेछ भन्ने देखिने हो । फेरि डा. केसीले प्रधानमन्त्रीको राजीनामा माग्नुभएको छ र ? प्रधानमन्त्रीको रूपमा तपाईंसँग जे अधिकार, जिम्मेवारी र प्रतिबद्धता छ, त्यो पूरा गर्नुस् भनेर सम्झाउनुभएको छ । यसमा प्रधानमन्त्रीले त डा. केसीलाई धन्यवाद दिनुपर्छ ।

तर, धेरै माग पूरा भएका छन्, अरू माग पूरा गर्न नसकिने छन्, त्यसैले किन अनावश्यक ध्यान दिने भन्ने सरकारको रणनीति छ नि ।

हो, धेरै माग पूरा भएका छन् । माग पूरा भएका छन् भने स्वास्थ्य सेवा र चिकित्सा शिक्षामा पनि सुधार भएको होला । सुधार भएर गल्ती भयो त ? त्यो सुधार त सरकारले गरेको हो नि । हो, यो यो सुधार भयो भनेर खुलस्त फेहरिस्त दिन सरकारलाई के अप्ठ्यारो छ ? डा. केसी अनशन बस्नुभएको छ, तर हामीले उहाँ यी-यी माग पूरा गरिसकेका छौँ, कतिपय विषय सुधार गर्दै छौँ । बाँकी विषय हामीले तत्काल सम्बोधन गर्न सक्दैनौँ भन्न सरकारले किन सक्दैन ? सरकारले के गर्‍यो भनेर सोध्ने हो भने जनतालाई त केही थाहा छैन । त्यसैले डा. केसी मात्र होइन, सारा जनतालाई जानकारी दिने यो सुवर्ण मौका हो । फेरि चुनावमा उठ्दा उहाँहरूले के भन्नुभएको थियो ? अस्पतालमा पूर्वाधार र जनशक्ति सुदृढ गर्छौं, मेडिकल शिक्षा महँगो हुन दिँदैनौं, स्वास्थ्य क्षेत्रबाट बेथिति रोक्छौं र देशमा सुशासन कायम गर्छौं भनेर उहाँहरू निर्वाचन लड्नुभएको हो । चुनावी घोषणापत्रमा जे लेख्नुभएको छ, त्यसमा यो-यो प्रगति भयो भन्न सरकारलाई किन संकोच हो ? सरकारले के-के काम गर्‍यो भनेर डा. केसी मात्र होइन, कुनै पनि नागरिकले सोध्न पाउँछ, जवाफ दिन्नौँ, वास्ता गर्दैनौँ भनेर सरकारले भन्न मिल्छ र ?

सरकारले त सरोकार राखेन, प्रतिपक्षले पनि पहिलेजस्तो ध्यान दिएकोजस्तो देखिएन ? यसको पनि कारण होला नि ।

कारण त होला, तर त्यो के कारण हो भन्ने हामीलाई थाहा छैन । हो, हिजो डा. केसीको मागमा प्रतिपक्षी आवाज अलिक सुनिन्थ्यो । हिजो जो प्रतिपक्षमा थियो, उसले समर्थन गर्थ्यो । हिजो सत्तामा भएका आज प्रतिपक्षमा होलान्, आज प्रतिपक्षमा भएकाहरू हिजो सत्तामा थिए होलान् । दलको 'पोजिसन' परिवर्तन भयो होला, तर देशको स्वास्थ्य र शिक्षाको 'पोजिसन' परिवर्तन भएको छ त ? छैन भने हाम्रो आवाज किन मत्थर भयो ? डा. केसीको अगुवाइमा आजका युवाले सोध्ने प्रश्न यो हो । हिजो ठूलो भिड हुन्थ्यो, त्यसैले मञ्चमा गएर भाषण गरौँ भन्ने नेताहरू थिए होला । तर, नेता त्यो होइन जसले भिड खोज्दै हिँड्छ, नेता त्यो हो जसले जनतालाई एकजुट बनाउन सक्छ । हुन त कोरोना महामारीका कारण पनि आन्दोलनमा जुट्न सकिएन भन्ने नेताहरूको भनाइ होला । तर, सडकमा जम्मा भएर, आगो बालेर मात्र आवाज ठूलो हुने होइन । वैकल्पिक माध्यमबाट आवाज उठाउन प्रतिपक्षी नेताहरूमा त्यति धेरै उत्सुकता देखिएको छैन । नागरिक अगुवाहरूबाट भने आन्दोलनप्रति ऐक्यबद्धता छ । सुशीला कार्की, केदारभक्त माथेमालगायतका अगुवाले पनि सरकारलाई झकझकाइरहनुभएको छ ।

डा. केसी शिक्षण अस्पतालमा अनशनरत हुनुहुन्छ, तर मिडियालाई अस्पताल प्रशासनले निषेध गरेको छ, प्रशासन किन यस्तो अनुदार बनेको हो ?

अस्पतालका रेजिडेन्सियल डाक्टरहरूले त डा. केसीको पर्याप्त ख्याल गर्नुभएको छ, उहाँको गिर्दो स्वास्थ्य अवस्थाका विषयमा चिन्ता व्यक्त गर्नुभएको छ । कुनै भवितव्य होला कि भनेर डराइरहनुभएको छ । तर, अस्पताल प्रशासनले मिडियाको पहुँच रोक्ने कोसिस किन गरेको हो, बुझ्न सकिएको छैन । हिजो उहाँको अनशनलाई व्यवस्थित गराउन खटिएका डाक्टरले अहिले त्यहाँ विभिन्न नियुक्ति पाउनुभएको छ । उहाँहरू हर्ताकर्ता हुनुभएको बेला डा. केसीलाई अलमल्याउने काम भएको छ । यो आफैँमा आश्चर्यजनक छ ।

सरकारले सरोकार राखेको छैन, प्रतिपक्षको साथ छैन, स्वास्थ्य दिनानुदिन प्रतिकूल छ, कुनै पनि बेला भवितव्य हुन सक्छ भनेर तपाईंहरू भन्नुहुन्छ । यति ठूलो जोखिम कतिञ्जेल उठाउने ? डा. केसीलाई तपाईंहरूले कस्तो सल्लाह दिनुभएको छ ?

उहाँ अहिलेसम्म १९ पटक अनशन बस्नुभएको छ । अहिलेसम्म उहाँलाई जस-जसले साथ दिनुभएको छ, उहाँहरू कसैले पनि सर तपाईं अनशन बस्नुपर्‍यो भन्नुभएको छैन । उहाँका सबै शुभचिन्तकले उहाँलाई गर्ने अनुरोध के हो भने अनशन नबस्नोस्, ज्यान जोखिममा नपार्नुहोस्, तपाईं बाँचेर बोल्दा त यत्रो बेथिति छ भने भोलि तपाईंको ज्यानै गयो भने भोलि बोलिदिने पनि को होला ? तर, उहाँ भन्नुहुन्छ- हामीले एउटा ज्यानको माया गर्ने कि तीन करोड नेपाली जनताको ज्यानको ? सबैको ज्यान अमूल्य छ भनेर उहाँ तर्क गर्नुहुन्छ । अर्को कुरा, देशको एउटा वरिष्ठ डाक्टर, स्वास्थ्य क्षेत्रमा सुधार गरौँ भनेर १९ पटक अनशन बस्नुभएको छ, उहाँलाई हामीले घाँचघच्याउ गएर अनशन तोड्नुस् भन्न मिल्दैन । उहाँको यो तपस्या हो, उहाँको यो समर्पण हो, त्यसलाई अपमान गर्न हाम्रो बहमले दिँदैन ।

पिसिआर परीक्षण...

‹‹ पृष्ठ १ बाट क्रमशः

गर्दै आएको स्वास्थ्य मन्त्रालयका तथ्याङ्कले देखाउँछ ।

यता ३ असोजमा गरेको पिसिआर परीक्षणबापत धुलिखेल अस्पतालले चार हजार चार सय रुपैयाँ लिएको छ । सो अस्पतालले पनि दैनिक औसत सयजनाको नमुना परीक्षण गर्दै आएको छ । बी एन्ड बी अस्पतालले प्रतिनमुना चार हजार चार सय लिएको बिल फेला परेको छ । उसले लिएको शुल्क २ असोजको हो । सो अस्पतालले दैनिक एक सय ५० जनाको परीक्षण गर्दै आएको देखिन्छ । नोबेल मेडिकल कलेजका सञ्चालक सुनील शर्मा १५ सयमा परीक्षण हुँदा दुई सय खुद नाफा बस्ने बताउँछन् । नोबेल मेडिकल कलेजले प्रतिनमुना १५ सय रुपैयाँमा परीक्षण गर्न थालेको बताएको छ ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति
वाग्मती सुधार आयोजना
गुहेश्वरी, काठमाडौं

टुकुचा खोलाको लागि फोहोर पानी प्रशोधन केन्द्रको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

प्रकाशन मिति : २०७७/०६/१५

वाग्मती प्रदेश काठमाण्डौ, ललितपुर जिल्ला काठमाण्डौ, ललितपुर महानगरपालिका अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	नाम : अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति ठेगाना : गुहेश्वरी, काठमाण्डौ ईमेल : hpcidbcoffice@gmail.com फोन नम्बर : ०१५७१२१४३, ४११४४१३
प्रस्तावको व्यहोरा	लाभान्वित हुने जनसंख्या : १ लाख ४५ हजार प्रशोधन क्षमता : १३३ लाख लिटर प्रति दिन निर्माण क्षेत्रफल : करिब ३ हेक्टर प्रशोधन केन्द्रको प्रकृति : सिक्वेन्सियल ब्याच रियाक्टर (SBR) प्रशोधन केन्द्र निर्माण स्थल : वाग्मती नदी तथा टुकुचा खोलाको संगम, त्रिपुरेश्वर
प्रभाव पर्न सक्ने जिल्ला, नगरपालिका	जिल्ला : काठमाडौं म. न. पा.: काठमाडौं, वडा नं ११, ललितपुर वडा नं १

माथि उल्लिखित प्रस्तावको वातावरण प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको म.न.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

प्रस्तावकको नाम र ठेगाना	नाम : अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति ठेगाना : गुहेश्वरी, काठमाण्डौ ईमेल : hpcidbcoffice@gmail.com फोन नम्बर : ०१५७१२१४३, ४११४४१३
परामर्शदाताको नाम र ठेगाना	नाम : इन्भाइरोमेन्ट एण्ड रिसोर्स म्यानेजमेन्ट कन्सल्टयांट प्रा.लि ईमेल : ermc@ermcnepal.com फोन : ०१४४८३०५४

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमति प्रदेश, नेपाल

करार सेवामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०६/१५

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. ०७७/०७८ च.नं. १२६ मिति २०७७/०५/२३ को प्राप्त पत्रानुसार हाल विश्वभर कोरोना भाइरस (COVID-19) को संक्रमण फैलिने क्रम अझै बढ्दो स्थिति सृजना हुने सन्दर्भमा संक्रमित बिरामीहरूलाई अस्पतालमा बेडको अभाव देखिने हुनाले एक स्थानीय तहमा कम्तिमा ५ बेडको अस्पताल सञ्चालनको लागि आवश्यक बेड लगायतका उपकरण र जनशक्ति व्यवस्थापनको प्रयोगार्थ स्थानीय तहमा COVID-19 अस्थायी अस्पताल सञ्चालन सम्बन्धी मार्गदर्शन २०७७ मा उल्लेख भए बमोजिम यस गाउँ कार्यपालिकाको मिति २०७७/०६/०२ को निर्णयानुसार यस गाउँपालिकामा रहेको पुरानो स्वास्थ्य चौकी भवनमा अस्पताल सञ्चालन र व्यवस्थापनको लागि तपसिल बमोजिमका पदमा करार सेवामा देहायको संख्या र योग्यता भएको कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

विज्ञापन नं.	पद नाम	तह	संख्या	शैक्षिक योग्यता	दरखास्त शुल्क	कैफियत
०१-०७७/७८	डाक्टर (मेडिकल अधिकृत)	आठौं	१	MBBS कोर्ष उत्तीर्ण गरेको, नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको ।	१०००/-	
०२-०७७/७८	स्टाफ नर्स	पाँचौं	२	PCL Nursing विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको, सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्र ।	५००/-	
०३-०७७/७८	कार्यालय सहयोगी	श्रेणी विहिन	१	सामान्य लेखपढ गर्न जान्ने ।	३००/-	

१ न्युनतम शैक्षिक योग्यता र अनुभव:
- नेपाली नागरिक ।
- सम्बन्धीत परिषदमा दर्ता भएको प्रमाण पत्र
- अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको
- माथि उल्लिखित सम्पूर्ण विज्ञापनको उमेरको हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुगि ३५ वर्ष ननाघेको हुनुपर्नेछ तर महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
- दरखास्तमा संलग्न गर्नुपर्ने: दरखास्त फारम, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, अनुभवका प्रमाणित प्रतिलिपी तथा प्रचलित कानुन बमोजिम सम्बन्धित काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ ।

२. परीक्षाको किसिम: लिखित परीक्षा तथा अन्तरवार्ता र कार्यविधि अनुसार । मेडिकल अधिकृतपदको हकमा लिखित परीक्षा बाहेकको प्रक्रिया बमोजिम हुनेछ । कार्यालय सहयोगी पदको छनोट अन्तरवार्ता बाट मात्रै हुनेछ ।
३. दरखास्त दिने अन्तिम मिति: २०७७/०६/२९ गते सम्म सोहि दिन विदा परेमा भोलिपल्ट कार्यालय खोल्ने समय भित्र ।
४ सेवा सुविधा: नेपाल सरकारको नियमानुसार ।
५. करार अवधि: हाललाई सम्झौताको मितिले सुरु ६ महिना सम्म मात्र हुनेछ ।
६. दरखास्त फारम: यस गाउँपालिकाको कार्यालयमा उपलब्ध हुनेछ । साथै www.konjyosommun.gov.np बाट download गर्न सकिनेछ ।

थप जानकारीका लागि मोबाइल न ९८५१३११०७७ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
प्रदेश नं. २ नेपाल ।

आन्तरिक आय ठेक्का बन्दोबस्त गर्ने शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०६/१५ गते

यस पर्सागढी नगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा १३ (१) र (२) बमोजिम यस नगरपालिकाबाट आव २०७७/०७८ को २०७८ जेष्ठ मसान्त सम्मको लागि सिगाही खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा ग्रेभल बिक्री तथा निकासी कर संकलन ठेक्का बन्दोबस्त शिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले नगरपालिकाको मिति २०७७।०६।१४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

आय ठेक्का नं.	विवरण	(ढुङ्गा, बालुवा, गिटी ग्रेभल) जम्मा घ.फिट	न्यूनतम कबोल अंक (भ्याट बाहेक)	बोलपत्र दस्तुर
०२/२०७७।०७७	सिगाही	९५९८७१७५	३८३९४८३००	३०००।००

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० (तीस) दिन भित्र तपसिलमा तोकीए बमोजिमको रकम नगदै तिरी (पछि फिर्ता नहुने गरि) यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।
२. ठेक्काको बोलपत्र फाराम खरिद गरि ३१ (एकतिसौं) दिन दिनको १२:०० बजे सम्म नेपाली नागरिकताको प्रतिलिपी तथा आफूले कबोल गरेको अंकको ५% प्रतिशत धरौटी रकम यस कार्यालयको सानिमा बैक पर्सागढी शाखामा रहेको धरौटी खाता नं ०६३०१००२००००००३ मा नगदै दाखिला गरेको सक्कलै बैंक भौचर वा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखी शिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
३. रितपूर्वक दर्ता हुन आएका शिलबन्दी बोलपत्र फारामहरु सोही दिन अर्थात ३१ (एकतिसौं) औं दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. बोलपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा क्रमश: सो को भोलीपल्ट बोलपत्र फाराम खरिद, दाखिला र खोलीने कार्य हुनेछ ।
५. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाई मिन्हा वा क्षतिपूर्ति सम्बन्धि कुनै शर्त स्विकार्य हुने छैन ।
६. ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ४०% प्रतिशतले हुन आउने रकम चलनपूर्जी लिने दिनमा नगदै बुझाउनु पर्नेछ । दोश्रो किस्ता बापत ३०% रकम २०७७ पौष मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता बापत ३०% प्रतिशत रकम २०७७ चैत्र मसान्त सम्म बुझाउनु पर्नेछ । ठेकेदारले पहिलो किस्ता बापतको कबोल अंकको ४०% प्रतिशत रकम दाखिला गरि बांकी ६०% प्रतिशत रकमको २०७७ साल श्रावण मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स बण्ड पेश गरि सम्झौता गर्नु पर्नेछ ।
७. एकमुष्ठ कबोल अंक बुझाएमा १०% सम्म छुट दिन सकिनेछ तर त्यस्तो छुट कार्यालयबाट कायम गरिएको न्यूनतम् अंक भन्दा घटी हुने गरि छुट दिन सकिने छैन ।
८. कबोल अंकको १३% मु. अ. कर र १.५% अग्रीम आय कर समेत यस कार्यालयमा बुझाउनु पर्नेछ ।
९. ढुङ्गा, बालुवा, गिटी ग्रेभल बिक्रीमा प्रति घन फिट रु ४/- (चार) का दरले निकासी गर्नु पर्नेछ ।
१०. वन तथा खोलानाला प्राकृतिक धार किनारालाई तथा अन्य अवस्थाहरुलाई हानी नोक्सानी हुन नपाउने गरि सार्वजनिक स्थल, पुल, सडक कल्भर्ट, कजवे आदिको तल माथि पाँच/पाँच सय मिटर तथा दायाँ बायाँ दश/दश मिटर छाडेर मात्र Canalize गरी Cannel भित्र परिमाणको परिधि भित्र रही खोलाको अवस्था र ढुङ्गा, गिटी, बालुवाको deposition को मात्रा हेरी बढीमा ०५ मिटर देखि १ मिटर सम्म मात्र गहिराई गरी बालुवा, ढुङ्गा, गिट्टी र ग्रेभल झिक्ने र झिकाउने बन्दोबस्त ठेकेदारले आफ्नै तर्फबाट गर्नु पर्नेछ । यसरी झिक्दा नदी कटान हुने क्षेत्रमा संकलन गर्न पाउने छैन । सो विपरित काम गरेमा त्यसको जवाफदेही ठेकेदार स्वयं हुनुपर्नेछ ।
११. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
१२. ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा निकासीमा एक्साभेटर, डोजर जस्ता ठुला उपकरणहरु प्रयोग गर्न पाईने छैन ।
१३. प्रत्येक महिनाको ७ गतेभित्र ढुङ्गा, गिट्टी बालुवा उत्खनन् ओसार/पसारको मासिक प्रगति प्रतिवेदन र नगदी रसिदको अर्धकट्टी समेत अनिवार्य रुपमा यस पर्सागढी नगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।
१४. विशेष गरि बालुवा, ढुङ्गा, ग्रेभल आदि झिक्दा वातावरणीय सन्तुलनमा असर नपर्ने गरि र भु-क्षय एवं प्राकृतिक सौन्दर्यतामा असर नपर्ने गरि झिक्ने बन्दोबस्त ठेकेदारले मिलाउनु पर्नेछ । वातावरण सन्तुलनका भु-उपयोगिताको दृष्टिकोणबाट वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुन्जको निषेधित वन सिमाना भित्रबाट बालुवा, ढुङ्गा, गिट्टी ग्रेभल आदि ठेकेदारले अनुमति बेगर झिक्न पाउने छैन । वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्ज सम्बन्धि कानुनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।
१५. जिल्ला अनुगमन समितिले स्वीकृत गरेको कार्यविधि र IEE रिपोर्टमा उल्लेख भएको शर्तहरुको पालना ठेकेदारले गर्नुपर्नेछ ।
१६. अन्य विस्तृत शर्तहरु सम्झौतामाउ उल्लेख गरिनेछ ।
१७. विस्तृत जानकारीको लागि यस कार्यालयमा बुझ्न सकिनेछ ।

शालिक राम ढकाल
प्रमुख प्रशासकीय अधिकृत
पर्सागढी नगरपालिका